म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : ०७५।७६

चलानी नं. १४४

मिति : २०७५।५।२०

विषय : दोहोरो नामावली भए नभएको एकीन गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय (सवै)
म्याग्दे गाउँपालिका, छाङ, तनहुँ ।

केन्द्रीय पञ्जिकरण विभागको च.नं. ०८२ मिति २०७५।४।३१ को पत्रमार्फत् २०७५ असार मसान्तसम्ममा व्यक्तिको नाम, स्थायी ठेगाना, नागरिकता नं, जन्ममिति, बाबु/पतिको नाम आदिको आधारमा MIS Query मार्फत् रुजु गर्दा म्याग्दे गाउँपालिकाका ८१ जना लाभग्राहीहरुको विवरण दोहोरो परेको अनुमान रहेको र बजेट निकासा MIS entry को आधारमा हुने भएकोले लाभग्राहीहरुको नामावली दोहोरो परेमा वजेट निकासा र मिलानमा समस्या पर्न जाने भएकोले के कसो भएको हो यकीन गरी MIS मा अध्यावधिक गर्ने भनी लेखिआएकोले सोही रुजु गरी ७ दिनभित्र MIS मा अद्यावधिक गरी यस गाउँपालिकासमेत जानकारी पठाउनु हुन अनुरोध छ । साथै, दोहोरो भएका नामावली यस कार्यालयको वेवसाइट www.myagdemun.gov.np मा राखिएको छ ।

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ एवं कार्यार्थ
श्री सूचना शाखा : वेवसाइटमा सूचना राख्नुहुन ।

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# केन्द्रीय पञ्जीकरण विभाग

बबरमहल, काठमाडौं

पत्र संख्या: २०७५।०७६
चलानी नम्बर:०८२

फो.नं. ०१- ४२५७७८३,४२४०२३९,४२३३८७९
फ्याक्स : ०१४२५८२४०

मितिः २०७५/०४/३१

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
केन्द्रीय पञ्जिकरण विभाग
बबरमहल, काठमाडौं

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
म्याग्दे गाउँपालिका कार्यालय,
तनहुँ।

विषयः- <u>दोहोरो नामावली भए नभएको एकीन गर्ने सम्बन्धमा</u> ।

सर्वप्रथम त्यस गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली विवरण सहित MIS मा प्रविष्टी गरेकोमा विभाग यस गाउँपालिकालाई धन्यवाद दिन चाहान्छ । यस गाउँपालिकाबाट २०७५ असार मसान्त सम्ममा व्यक्तिको नाम, स्थायी ठेगाना (गा.पा./न.पा./वडा), नागरिकता नं, जन्म मिति, बावु/पतिको नाम आदिको आधारमा विभागबाट MIS Query मार्फत रुजु गर्दा यस गाउँपालिकाका ८१ जना लाभग्राहीहरुको विवरण दोहोरो परेको अनुमान रहेको छ । अतः बजेट निकासा MIS entry को आधारमा हुने भएकोले लाभग्राहीहरुको नामावली दोहोरो परेमा बजेट निकासा र मिलानमा विभाग तथा तहाँ कार्यालयलाई समेत समस्या पर्न जाने भएकाले सो सम्बन्धमा तहाँबाट पनि के कसो भएको हो एकीन गरी MIS मा अध्यावधिक गर्ने भनि विभागबाट मिति २०७५/०४/२४मा निर्णय भएको हुँदा सो अध्यावधिक गरी पत्र प्राप्त भएको मितिले १५ दिन भित्र यस विभागमा जानकारी पठाउनु हुन जानकारीका लागि अनुरोध छ।

साबित्रा बस्नेत
शाखा अधिकृत

---